सुरुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

स्थानीय राजपत्र

सुरुङ्गा नगरपालिकाद्धारा प्रकाशित

खण्ड ५ संख्याः २ मितिः २०८३।०४।२६

भाग२-

सुरुङ्गा नगरपालिका

सुरुङ्गा नगरपालिका

मधुपट्टी, सप्तरी

मधेश प्रदेश, नेपाल

स्थानीय सरकार संचालन ऐन) को उपदफा १०२ को दफा २०७४ ,२ बमोजिम (सुरुङ्गा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

<u>२०८३ सालको कार्यविधि नं२ .</u>

८३।०४।२६

विकास सुन्दास

प्रमुख प्रशासकीय अधिकृत

सुरुङ्गा नगरपालिका आँप तथा फलफूल प्रशोधन उद्योग सञ्चालन, व्यवस्थापन, सहलगानी तथा अनुदान कार्यविधि,२०८३

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०४।26

प्रस्तावना

सुरुङ्गा नगरपालिका क्षेत्र तथा आसपासमा उत्पादन हुने आँप र अन्य फलफूलको प्रशोधन गरी मूल्य अभिवृद्धि, बजारीकरण,कृषकको उत्पादनको उचित मूल्य सुनिश्चित,स्थानीय रोजगारी सिर्जना तथा स्थानीय आर्थिक विकास गर्ने उद्देश्यले प्रदेश सरकार तथा सुरुङ्गा नगरपालिकाको लगानीमा स्थापना भएको आँप तथा फलफूल प्रशोधन उद्योगलाई दिगो, व्यावसायिक, पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक भएकाले उद्योगको सम्पूर्ण स्थायी सम्पत्ति सुरुङ्गा नगरपालिकाको स्वामित्वमा कायम राखी, योग्य संस्था छनोट गरी उत्पादन तथा व्यवस्थापनको जिम्मेवारी प्रदान गर्ने, संस्थाको सहलगानी सुनिश्चित गर्ने तथा वार्षिक कार्यक्रम, बजेट र कार्यसम्पादनका आधारमा नगरपालिका बाट अनुदान उपलब्ध गराउने सम्बन्धमा यो कार्यविधि बनाइएको छ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

१. यस कार्यविधिको नाम"**सुरुङ्गा नगरपालिका आँप तथा फलफूल प्रशोधन उद्योग सञ्चालन, व्यवस्थापन, सहलगानी तथा अनुदान कार्यविधि, २०८३**"रहेकोछ।

२. यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागूहुनेछ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) "नगरपालिका" भन्नाले सुरुङ्गा नगरपालिका सम्झनुपर्छ।

(ख) "उद्योग"भन्नाले प्रदेश सरकार तथा सुरुङ्गा नगरपालिकाको लगानीमा स्थापना भएको आँप तथा फलफूल प्रशोधन उद्योग सम्झनुपर्छ।

(ग)"सञ्चालक संस्था" भन्नाले यस कार्यविधि बमोजिम छनोट भई उद्योगको उत्पादन तथा व्यवस्थापन सञ्चालन गर्ने सहकारी संस्था, कृषक समूह, कृषि उद्यमी संस्था वा प्रचलित कानून बमोजिम दर्ता भएको अन्य योग्य गैरनाफामूलक/सदस्यमा आधारित संस्था सम्झनुपर्छ।

सुरुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

(घ) “सहलागानी” भन्नाले उद्योग सञ्चालनका लागि सञ्चालक संस्थाले नगद, कार्यशील पूँजी, कच्चापदार्थ, जनशक्ति, बजार व्यवस्थापन, प्याकेजिङ वा स्वीकृत अन्य शीर्षकमा गर्ने लगानी सम्झनुपर्छ।

(ङ)“अनुदान”भन्नाले उद्योग सञ्चालन,उत्पादन प्रवर्द्धन,बजार विस्तार,क्षमता विकास वा अन्य स्वीकृत कार्यक्रममा नगरपालिकाले वार्षिक स्वीकृत बजेटबाट उपलब्ध गराउने रकम सम्झनुपर्छ।

(च) “कार्यसम्पादन सम्झौता” भन्नाले नगरपालिका र सञ्चालक संस्थाबीच उद्योग सञ्चालन, उत्पादन लक्ष्य, सहलगानी, अनुदान, सम्पत्ति संरक्षण तथा जिम्मेवारी सम्बन्धमा भएको सम्झौता सम्झनुपर्छ।

(छ) “कार्यशीलपूँजी” भन्नाले कच्चापदार्थ खरिद, कर्मचारी पारिश्रमिक, विद्युत्, पानी, प्याकेजिङ, ढुवानी तथा उद्योग सञ्चालनका दैनिक खर्चका लागि आवश्यक रकम सम्झनुपर्छ।

परिच्छेद–२

सम्पत्तिको स्वामित्व तथा सञ्चालन व्यवस्था

३. उद्योगको सम्पत्तिको स्वामित्व

१. उद्योग सँग सम्बन्धित जग्गा, भवन, मेसिनरी, उपकरण, फर्निचर, औजार तथा अन्य सम्पूर्ण चल-अचल सम्पत्तिको स्वामित्व सुरुङ्गा नगरपालिकाकै नाममा कायम रहनेछ।

२. सञ्चालक संस्थालाई उद्योगको सम्पत्तिको स्वामित्व हस्तान्तरण गरिने छैन।

३. सञ्चालक संस्थालाई यस कार्यविधि र कार्यसम्पादन सम्झौता बमोजिम उद्योगको उत्पादन, सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार मात्र प्रदान गरिनेछ।

४. सञ्चालक संस्थाले नगरपालिकाको स्वीकृति बिना उद्योगको कुनै सम्पत्ति बिक्री, धितो, हस्तान्तरण, भाडामा दिन वा अन्य प्रयोजनमा प्रयोग गर्न पाउनेछैन।

४. उद्योग सञ्चालनको उद्देश्य

उद्योग सञ्चालनका उद्देश्य देहाय बमोजिम हुनेछन्–

(क) स्थानीय आँपको मूल्य अभिवृद्धि गर्नु।

(ख) आँपको जुस, पल्प, जाम, जेली, स्क्वास, अचार, सुकाइएको आँप, आँपको पातको चिया तथा अन्यपरिकार उत्पादन गर्नु।

(ग) स्थानीय कृषक बाट कच्चा आँप खरिद गरी बजार सुनिश्चित गर्नु।

विकास सुन्दास

(घ) स्थानीय उत्पादनको ब्राण्ड निर्माण तथा बजार विस्तार गर्नु।

(ङ) महिला, युवा तथा स्थानीय जनशक्तिलाई रोजगारी तथा उद्यमशीलतामा जोड्नु।

(च) उद्योगलाई क्रमशःव्यावसायिक र आत्मनिर्भर बनाउनु।

परिच्छेद–३

सञ्चालक संस्था छनोट

५. खुला प्रतिस्पर्धाबाट संस्था छनोट

१.उद्योगको उत्पादन तथा व्यवस्थापन सञ्चालनका लागि इच्छुक योग्य संस्थाबाट सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिनेछ।

२. सूचना कम्तीमा **१५** दिनको हुनेछ।

३. सूचना नगरपालिका कार्यालय, वेबसाइट, सूचना पाटी तथा आवश्यकतानुसार अन्य सञ्चार माध्यमबाट प्रकाशन गरिनेछ।

४. प्रस्ताव पेश गर्ने संस्थाले उद्योग सञ्चालनको विस्तृत व्यावसायिक योजना, सहलगानी प्रस्ताव तथा बजार व्यवस्थापन योजना पेश गर्नुपर्नेछ।

६. न्यूनतम योग्यता

प्रस्ताव पेश गर्ने संस्थाले देहायका योग्यता पूरा गरेको हुनुपर्नेछ–

(क) प्रचलित कानून बमोजिम विधिवत दर्ता भएको।

(ख) कृषि,कृषि प्रशोधन, फलफूल उत्पादन वा कृषि उद्यम क्षेत्रमा कार्य गर्न अनुमति प्राप्त गरेको हुनुपर्ने।

(ग) कृषि, फलफूल उत्पादन, प्रशोधन, खाद्य उद्योग वा बजारीकरण सम्बन्धी अनुभव भएको।

(घ) पछिल्लो आर्थिक वर्षसम्म लेखापरीक्षण सम्पन्न गरेको।

(ङ) प्रचलित कानून बमोजिम आवश्यक कर तथा नियामक दायित्व पूरा गरेको।

(च) उद्योग सञ्चालनका लागि आवश्यक कार्यशील पूँजी व्यवस्थापन गर्न सक्ने।

विकास सुन्दास
प्रमुख प्रशासकीय अधिकृत

(छ) आफ्नैतर्फ बाट सहलगानी गर्न प्रतिबद्ध रहेको।

(ज) स्थानीय कृषक सँग कच्चापदार्थ खरिद तथा आपूर्ति व्यवस्था गर्न सक्ने योजना भएको।

(झ) उद्योग सञ्चालनका लागि आवश्यक जनशक्ति तथा व्यवस्थापन क्षमता भएको।

७. सहलगानीको प्रस्ताव

१. प्रस्ताव पेश गर्ने संस्थाले उद्योग सञ्चालनका लागि आफ्नो तर्फबाट गर्ने न्यूनतम सहलगानीको स्पष्ट प्रस्ताव पेश गर्नुपर्नेछ।

२. सहलगानी नगद कार्यशील पूँजीका अतिरिक्त नगरपालिकाले स्वीकृत गरेको अवस्थामा देहायका क्षेत्रमा समेत हुन सक्नेछ–

(क) कच्चा पदार्थ खरिद,

(ख) कर्मचारी तथा प्राविधिक जनशक्ति,

(ग) प्याकेजिङ सामग्री,

(घ) बजार तथा बिक्री प्रवर्द्धन,

(ङ) ढुवानी,

(च) ब्राण्ड तथा लेबल विकास,

(छ) अन्य उद्योग सञ्चालन सम्बन्धी आवश्यक खर्च।

३. सहलगानीको रकम तथा प्रकृति सम्झौतामा स्पष्ट उल्लेख गर्नुपर्नेछ।

४. सञ्चालक संस्थाले प्रस्ताव गरेको सहलगानी सम्झौता बमोजिम कार्यान्वयन गर्नुपर्नेछ।

विकास सुन्दास

नगर कार्यपालिकाको कार्यालय
सुरुङ्गा नगरपालिका
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

परिच्छेद–४

प्रस्ताव मूल्याङ्कन तथा छनोट

८. संस्था छनोट समिति

सञ्चालक संस्था छनोटका लागि देहाय बमोजिमको समिति रहनेछ,

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

(ग) कृषि शाखा प्रमुख – सदस्य

(घ) प्राविधिक शाखा प्रमुख – सदस्य

(ङ) प्रशासन/कानून शाखा प्रमुख – सदस्य

(च)उद्यम विकास शाखा प्रमुख – सदस्य सचिव

आवश्यकता अनुसार खाद्यप्रविधि, कृषि प्रशोधन, उद्योग वा बजार व्यवस्थापनका विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

९. मूल्याङ्कनका आधार

योग्य संस्थाको प्रस्तावलाई १०० अंकमा मूल्याङ्कन गरिनेछ।

क्र. सं.	मूल्याङ्कन क्षेत्र	अंक
१	संस्थाको कानुनी तथा संस्थागत क्षमता	१०
२	कृषि तथा फलफूल प्रशोधन अनुभव	१५
३	वित्तीय तथा कार्यशील पूँजी क्षमता	१५
४	प्रस्तावित संस्थागत सहलगानी	१५
५	उद्योग सञ्चालन तथा उत्पादन योजना	१५
६	कच्चापदार्थ खरिद तथा कृषक सँगको सम्बन्ध	१०
७	बजार तथा बजारीकरण योजना	१०
८	रोजगारी तथा स्थानीय सहभागिता	५
९	उद्योग दिगोपना तथा जोखिम व्यवस्थापन योजना	५
जम्मा		१००

विकास सुन्दास

नगर कार्यपालिकाको कार्यालय
तिरहुत नगरपालिका
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

१०. छनोट

१. कम्तीमा ६० अंक प्राप्त गर्ने संस्थालाई योग्य मानिनेछ।

२. सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्थालाई छनोटका लागि सिफारिस गरिनेछ।

३. आवश्यक परेमा उच्च अंक प्राप्त संस्थालाई व्यावसायिक योजना प्रस्तुतीकरण तथा छलफलका लागि बोलाउन सकिनेछ।

४. संस्था छनोटको अन्तिम निर्णय नगरपालिकाको अधिकार प्राप्त निकायबाट हुनेछ।

परिच्छेद–५

सहलगानी तथा नगरपालिकाको वार्षिक अनुदान

११. सहलगानीको सिद्धान्त

१. उद्योग सञ्चालनमा नगरपालिका र सञ्चालक संस्था बीच साझेदारीको भावना कायम गरिनेछ।

२. उद्योगको सम्पत्ति, भवन र प्रमुख मेसिनरी नगरपालिकाको रहनेछ।

३. दैनिक सञ्चालन तथा कार्यशील पूँजीमा सञ्चालक संस्थाको पर्याप्त जिम्मेवारी र सहलगानी रहनेछ।

४. नगरपालिकाले वार्षिक स्वीकृत बजेट, कार्यक्रम र कार्यसम्पादनका आधारमा अनुदान प्रदान गर्न सक्नेछ।

५. यस उद्योग सञ्चालनमा नगरपालिकाको तर्फबाट ७० प्रतिशत र सहलगानी गर्न चाहने संस्थाको तर्फबाट ३० प्रतिशत लागत सहभागिता रहनेछ ।

१२. नगरपालिका बाट प्रदान गरिने अनुदान

नगरपालिकाले वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भएपछि देहायका क्षेत्रमा अनुदान उपलब्ध गराउन सक्नेछ–

(क) उत्पादन प्रवर्द्धन,

(ख) कच्चापदार्थ खरिदमा सहजीकरण,

(ग) नयाँ उत्पादन विकास,

विकास सुन्दास

सुरुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

(घ) प्याकेजिङ तथा गुणस्तर सुधार,

(ङ) बजार प्रवर्द्धन,

(च) ब्राण्डिङ तथा प्रचारप्रसार,

(छ) प्राविधिक तथा व्यवस्थापन क्षमता विकास,

(ज) आवश्यक मर्मत सम्भार,

(झ) स्वीकृत व्यावसायिक योजना अनुसार अन्य उत्पादनमुखी कार्यक्रम।

१३. अनुदानको आधार

अनुदान उपलब्ध गराउँदा देहायका आधारलाई प्राथमिकता दिइनेछ–

(क) वार्षिक स्वीकृत बजेट,

(ख) सञ्चालक संस्थाको स्वीकृत वार्षिक कार्ययोजना,

(ग) संस्थाको सहलगानी,

(घ) अघिल्लो वर्षको कार्यसम्पादन,

(ङ) उत्पादन तथा बिक्रीको उपलब्धि,

(च) स्थानीय कृषकबाट खरिद गरिएको कच्चापदार्थ,

(छ) सिर्जना भएको रोजगारी,

(ज) उद्योगको सम्पत्ति संरक्षणको अवस्था।

१४. कार्यसम्पादनमा आधारित अनुदान

१. नगरपालिकाले अनुदानलाई सम्भव भएसम्म कार्यसम्पादनसँग आबद्ध गर्नेछ।

२. वार्षिक कार्यसम्पादन सम्झौतामा देहायका लक्ष्य निर्धारण गरिनेछ–

(क) न्यूनतम उत्पादन लक्ष्य,

विकास सुन्दास

नगर कार्यपालिकाको कार्यालय
सुरुङ्गा नगरपालिका
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

(ख) न्यूनतम बिक्री लक्ष्य,

(ग) स्थानीय कृषकबाट खरिद गरिने आँपको परिमाण,

(घ) सिर्जना गरिने रोजगारी,

(ङ) सञ्चालक संस्थाको सहलगानी,

(च) बजार विस्तार लक्ष्य।

३. लक्ष्य अनुसार कार्यसम्पादन नगरेको अवस्थामा आगामी वर्षको अनुदान पुनरावलोकन, घटाउन वा रोक्न सकिनेछ।

१५. अनुदान रकम निकासा

१. स्वीकृत अनुदान रकम एकमुष्ट वा किस्ताबन्दीमा उपलब्ध गराउन सकिनेछ।

२. किस्ता निकासा गर्दा कार्यप्रगति तथा खर्चको प्रमाण हेर्न सकिनेछ।

३. सञ्चालक संस्थाले आफ्नो सहलगानीको विवरण तथा प्रमाण पेश गरेपछि मात्र सम्झौतामा तोकिएको अवस्था अनुसार अनुदान निकासा गरिनेछ।

४. अनुदान रकम स्वीकृत उद्देश्य बाहेक अन्यत्र खर्च गर्न पाइने छैन।

परिच्छेद–६

कार्यसम्पादन सम्झौता

१६. सम्झौता अवधि

१. सञ्चालक संस्थासँग प्रारम्भमा तीन वर्षको कार्यसम्पादन सम्झौता गरिनेछ।

२. प्रत्येक आर्थिक वर्षमा वार्षिक कार्ययोजना र कार्यसम्पादन लक्ष्य अद्यावधिक गरिनेछ।

३. वार्षिक कार्यसम्पादन सन्तोषजनक भएमा सम्झौता निरन्तर रहनेछ।

४. तीन वर्षको कार्यसम्पादनको मूल्याङ्कन गरी प्रचलित कानून बमोजिम सम्झौता नवीकरण गर्न सकिनेछ।

विकास सुन्दास
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
सुरुङ्गा नगरपालिका
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

१७. सम्झौतामा समावेश गरिने विषय

सम्झौतामा कम्तीमा देहायका विषय समावेश गर्नुपर्नेछ–

(क) उद्योग सञ्चालन अवधि,

(ख) नगरपालिकाको सम्पत्तिको विस्तृत विवरण,

(ग) संस्थाको सहलगानी रकम तथा क्षेत्र,

(घ) नगरपालिकाबाट उपलब्ध हुने सम्भावित अनुदान,

(ङ) वार्षिक उत्पादन लक्ष्य,

(च) बिक्री तथा बजार लक्ष्य,

(छ) स्थानीय कृषकबाट कच्चापदार्थ खरिद लक्ष्य,

(ज) रोजगारी सिर्जना लक्ष्य,

(झ) सम्पत्ति संरक्षणको जिम्मेवारी,

(ञ) लेखा, अभिलेख तथा प्रतिवेदन,

(ट) अनुगमन र मूल्याङ्कन,

(ठ) सम्झौता उल्लङ्घनमा हुने कारबाही।

विकास सुन्दास

सुरुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

परिच्छेद–७

सञ्चालक संस्थाको जिम्मेवारी

१८. उत्पादन तथा व्यवस्थापन

सञ्चालक संस्थाले–

(क) उद्योगलाई नियमित रूपमा सञ्चालन गर्ने,

(ख) उपलब्ध क्षमता अधिकतम उपयोग गर्ने प्रयास गर्ने,

(ग) बजारको माग अनुसार आँपका विभिन्न परिकार उत्पादन गर्ने,

(घ) उत्पादनको गुणस्तर कायम गर्ने,

(ङ) आवश्यक कानूनी तथा गुणस्तर सम्बन्धी प्रक्रिया पूरा गर्ने,

(च) उत्पादन तथा बिक्रीको व्यवस्थित अभिलेख राख्ने।

१९. स्थानीय कृषकलाई प्राथमिकता

१. कच्चा आँप खरिद गर्दा सुरुङ्गा नगरपालिका क्षेत्रका कृषकलाई प्राथमिकता दिनुपर्नेछ।

२. कृषकबाट सम्भव भएसम्म पारदर्शी र प्रतिस्पर्धात्मक मूल्यमा खरिद गर्नुपर्नेछ।

३. कृषकसँग अग्रिम आपूर्ति योजना वा सम्झौता गर्न प्रोत्साहन गरिनेछ।

२०. कार्यशील पूँजीको जिम्मेवारी

१. सञ्चालक संस्थाले सम्झौतामा उल्लेख भएको आफ्नो सहलगानी तथा कार्यशील पूँजी समयमै व्यवस्थापन गर्नुपर्नेछ।

२. नगरपालिकाको अनुदान प्राप्त नभएको कारण मात्र उद्योग बन्द गर्न पाइनेछैन।

३. उद्योगको नियमित सञ्चालनका लागि आवश्यक व्यावसायिक जोखिम व्यवस्थापन सञ्चालक संस्थाले गर्नुपर्नेछ।

परिच्छेद–८

सम्पत्ति संरक्षण र मर्मत

२१. सम्पत्ति जिम्मा बुझाउने

१. उद्योग सञ्चालन प्रारम्भ हुनुअघि नगरपालिका र सञ्चालक संस्थाबीच सम्पूर्ण सम्पत्तिको संयुक्त निरीक्षण गरिनेछ।

२. भवन, मेसिनरी तथा उपकरणको विस्तृत सूची तयार गरिनेछ।

३. फोटो, भिडियो, अवस्था विवरण तथा आवश्यक प्राविधिक अभिलेख राखी जिम्मा बुझाइनेछ।

२२. मर्मत सम्भार

१. दैनिक तथा सामान्य मर्मत सम्भार सञ्चालक संस्थाले गर्नुपर्नेछ।

२. ठूलो प्रकृतिको मर्मत, मेसिनरी प्रतिस्थापन वा पूँजीगत सुधार आवश्यक भएमा नगरपालिका र सञ्चालक संस्थाको जिम्मेवारी सम्झौतामा स्पष्ट निर्धारण गरिनेछ।

३.नगरपालिकाको सम्पत्तिमा भएको क्षति वा हिनामिनाको सम्बन्धमा जिम्मेवार पक्षले प्रचलित कानून र सम्झौता बमोजिम जिम्मेवारी बहन गर्नुपर्नेछ।

परिच्छेद–९

अनुगमन, मूल्याङ्कन र प्रतिवेदन

२३. अनुगमन समिति

उद्योगको अनुगमनका लागि नगरपालिकामा देहायको एक अनुगमन समिति रहनेछ ।

१. नगर प्रमुख	-संयोजक
२. नगर उप प्रमुख	-सदस्य
३. उद्योग रहेको स्थानको वडा अध्यक्ष	-सदस्य
४. प्रमुख प्रशासकीय अधिकृत	-सदस्य
५. आर्थिक विकास समितिको संयोजक	-सदस्य
६. उद्यम विकास शाखा प्रमुख	-सदस्य सचिव

विकास सुन्दास

२४. त्रैमासिक अनुगमन

देहायका विषयमा कम्तीमा त्रैमासिक अनुगमन गरिनेछ–

(क) उद्योग सञ्चालनको अवस्था,

(ख) उत्पादन परिमाण,

(ग) बिक्री,

(घ) कच्चापदार्थ खरिद,

(ङ) स्थानीय कृषकको सहभागिता,

(च) रोजगारी,

(छ) संस्थाको सहलगानी,

(ज) अनुदानको उपयोग,

(झ) सम्पत्ति संरक्षण

२५. वार्षिक मूल्याङ्कन

सञ्चालक संस्थाको वार्षिक मूल्याङ्कनमा देहायका सूचकलाई आधार मानिनेछ–

क्र.सं	मूल्याङ्कन सूचक
१	उद्योग सञ्चालनको नियमितता
२	उत्पादन परिमाण
३	बिक्री तथा कारोबार
४	स्थानीय कृषकबाट खरिद
५	सञ्चालक संस्थाको सहलगानी
६	स्थानीय रोजगारी सिर्जना
७	महिला तथा युवा सहभागिता
८	बजार विस्तार

९	अनुदानको प्रभावकारी उपयोग
१०	सम्पत्ति संरक्षण
११	लेखा तथा लेखापरीक्षण
१२	सम्झौता तथा कार्ययोजना पालना

परिच्छेद–१०

लेखा, लेखापरीक्षण तथा पारदर्शिता

२६. छुट्टै लेखा राख्नुपर्ने

सञ्चालक संस्थाले उद्योग सञ्चालनको आय, व्यय, उत्पादन, बिक्री, सहलगानी तथा नगरपालिकाबाट प्राप्त अनुदानको छुट्टाछुट्टै अभिलेख राख्नुपर्नेछ।

२७. लेखापरीक्षण

१. उद्योग सञ्चालन सम्बन्धी आय-व्ययको वार्षिक लेखापरीक्षण गराउनुपर्नेछ।

२. नगरपालिकाबाट प्राप्त अनुदानको खर्च विवरण तथा आवश्यक प्रमाण नगरपालिकामा पेश गर्नुपर्नेछ।

३. नगरपालिकाले आवश्यक ठानेमा अनुदान तथा उद्योग सञ्चालन सम्बन्धी अभिलेख परीक्षण गर्न सक्नेछ।

परिच्छेद–११

सम्झौता रद्द तथा कारबाही

२८. सम्झौता रद्द गर्न सकिने अवस्था

देहायको अवस्थामा प्रचलित प्रक्रिया पूरा गरी सम्झौता रद्द गर्न सकिनेछ–

(क) गलत विवरण पेश गरी छनोट भएको प्रमाणित भएमा,

(ख) सम्झौता बमोजिमको सहलगानी नगरेमा,

(ग) उचित कारण बिना उद्योग लामो समय सम्म बन्द गरेमा,

विकास सुन्दास
प्रमुख प्रशासकीय

(घ) नगरपालिकाको सम्पत्तिको दुरुपयोग वा हिनामिना गरेमा,

(ङ) अनुदान रकम दुरुपयोग गरेमा,

(च) बारम्बार कार्यसम्पादन लक्ष्य पूरा नगरेमा,

(छ) सम्झौताका गम्भीर शर्त उल्लङ्घन गरेमा।

२९. सुधारको अवसर

गम्भीर प्रकृतिको उल्लङ्घन बाहेक अन्य अवस्थामा सञ्चालक संस्थालाई सुधारका लागि उचित समय सहित लिखित सूचना दिइनेछ।

परिच्छेद–१२

विविध

३०. नयाँ सञ्चालक संस्था छनोट

सम्झौता समाप्त वा रद्द भएमा उद्योगको सम्पत्ति नगरपालिकाकै जिम्मामा रहनेछ र आवश्यक प्रक्रिया पूरागरी नयाँ सञ्चालक संस्था छनोट गर्न सकिनेछ।

३१. प्रचलित कानून लागू हुने

यस कार्यविधिमा उल्लेख नभएको विषयमा प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानून लागू हुनेछ।

३२. बाधा अड्काउ फुकाउने

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

विकास सुन्दास

नगर पुनर्वास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

अनुसूची–१

संस्था छनोटका लागि पेश गर्नुपर्ने प्रस्तावका मुख्य विषय

१. संस्थाको परिचय र कानूनी अवस्थाः-
२. विगतको अनुभवः-
३. वित्तीय क्षमताः-
४. उद्योग सञ्चालन योजनाः-
५. वार्षिक उत्पादन योजनाः-
६. प्रस्तावित आँपका परिकारहरूको विवरणः-
७. बजार तथा बजारीकरण योजनाः-
८. स्थानीय कृषकबाट कच्चापदार्थ खरिद योजनाः-
९. संस्थाको नगद तथा अन्य सहलगानीको स्पष्ट विवरणः-
१०. कार्यशील पूँजी व्यवस्थापन योजनाः-
११. रोजगारी सिर्जना योजनाः-
१२. जोखिम व्यवस्थापन योजनाः-
१३. पाँच वर्षको व्यावसायिक दिगोपना योजनाः-

नगर सुरुङ्गा नगरपालिका
कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

अनुसूची–२

वार्षिक कार्यसम्पादन सम्झौताका न्यूनतम सूचक

१. वार्षिक उत्पादन लक्ष्यः-
२. वार्षिक बिक्री लक्ष्यः-
३. स्थानीय कृषक बाट खरिद गरिने आँपको न्यूनतम परिमाणः-
४. संस्थाले गर्ने सहलगानी रकमः-
५. सिर्जना हुने न्यूनतम रोजगारीः-
६. महिला तथा युवा सहभागिताः-
७. नयाँ उत्पादन विकासः-
८. बजार विस्तारः-
९. नगरपालिका बाट प्राप्त अनुदानको उपयोगः-
१०. उद्योगको सम्पत्ति संरक्षणः-

विकास सुन्दास
प्रमुख प्रशासकीय

अनुसूची–३

अनुदान प्रस्ताव तथा वार्षिक कार्ययोजनाको ढाँचा

१. संस्थाको नाम:
२. ठेगाना:
३. दर्ता नम्बर:
४. उद्योग सञ्चालनको प्रस्तावित आर्थिक वर्ष:
५. वार्षिक उत्पादन लक्ष्य:
६. वार्षिक बिक्री लक्ष्य:
७. स्थानीय कृषकबाट खरिद गरिने कच्चा आँप:
८. संस्थाको नगद सहलगानी:
९. संस्थाको अन्य सहलगानी:
१०. नगरपालिकासँग माग गरिएको अनुदान:
११. अनुदान खर्च गर्ने प्रस्तावित क्षेत्र:
१२. सिर्जनाहुने रोजगारी:
१३. बजार विस्तार योजना:
१४. अपेक्षित परिणाम:

संस्थाको तर्फबाट:
नाम:
पद:
हस्ताक्षर:
मिति:

विकास सुन्दास
प्रमुख प्रशासकीय अधिकृत